**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

# बबई राजपत्र

**बबई गाउँपालिकाद्वारा प्रकाशित**

खण्डः ६ बबई दाङ, संख्याः ३ मितिः २०७९/०७/२८

**भाग-२**

**बबई गाउँपालिका**

# योजना सञ्चालन, अनुगमन तथा मुल्यांकन सम्वन्धि (पहिलो संशोधन) कार्यविधि, २०७९

## योजना सञ्चालन, अनुगमन तथा मुल्यांकन सम्वन्धि (पहिलो संशोधन) कार्यविधि, २०७९

**प्रस्तावनाः**

योजना सञ्चालन, अनुगमन तथा मुल्यांकन सम्वन्धि कार्यविधि, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

बबई गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बबई गाउँ कार्यपालिकाको मिति २०७९/०७/२४ को निर्णयानुसार यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम योजना सञ्चालन, अनुगमन तथा मुल्यांकन सम्वन्धि (पहिलो संशोधन) कार्यविधि, २०७९ रहेको छ।

(२) यो कार्यविधि बबई गाउँ कार्यपालिकाको बैठकवाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

२. मूल कार्यविधिको अनुसूची ३ मा संशोधनः मूल कार्यविधिको अनुसूची ३ को उपस्थितिमा देहायकोपालिकास्तरिय अनुगमन समिति राखिएको छ ।

| | | |
|---|---|---|
| (क) | गाउँपालिका उपाध्यक्ष | - संयोजक |
| (ख) | गाउँपालिकाको पुर्वाधार शाखाको ईन्जिनियर | - सदस्य |
| (ग) | सम्वन्धित वडाको वडा अध्यक्ष | - सदस्य |
| (घ) | सम्वन्धित विषयगत क्षेत्रको संयोजक | - सदस्य |
| (ङ) | गाउँपालिका अध्यक्षले तोकेको १ जना कार्यपालिका सदस्य | - सदस्य |
| (च) | गाउँपालिकाको सम्वन्धित विषय हेर्ने कर्मचारी | - सदस्य |
| (छ) | गाउँपालिकाको योजना शाखा प्रमुख | - सदस्य सचिव |

**आज्ञाले**

**मुक्ति नन्द रावल**

**प्रमुख प्रशासकीय अधिकृत**